# १. आर्थिक गतिविधि

## विश्व अर्थतन्त्र

### आर्थिक वृद्धिदर

१.१. विश्व अर्थव्यवस्थामा द्वितीय विश्व युद्ध पश्चात् सबैभन्दा ठूलो वित्तीय तथा आर्थिक संकट देखापरेको छ। यसले गर्दा एकातर्फ कुल गार्हस्थ्य माग र आर्थिक वृद्धिदरमा नकारात्मक प्रभाव पर्ने र अर्कोतर्फ निर्यात तथा आयात दुवैमा संकुचन आई विश्व अर्थतन्त्र दोहोरो समस्याबाट ग्रसित हुने देखिएको छ। आर्थिक क्रियाकलापमा ह्रास आई रोजगारीका अवसरहरु कटौती हुन गई सर्वसाधारण जनताको आय श्रोत अनिश्चित हुने हुँदा जीवन निर्वाह गर्न निकै कठिनाइको सामना गर्नुपर्ने देखिन्छ। विश्वको उत्पादन सन् २००६ मा ५.१ प्रतिशतले, सन् २००७ मा ५.२ प्रतिशतले र सन् २००८ मा ३.२ प्रतिशतले वृद्धि भएको तुलनामा सन् २००९ को प्रक्षेपणमा उक्त वृद्धिदर १.३ प्रतिशतले ऋणात्मक हुने देखिएको छ । उत्प्रेरक उपायहरु अवलम्वन गरी सफल कार्यान्वयन गर्न सकिएमा सन् २०१० मा विश्वको उत्पादन वृद्धिदर १.९ प्रतिशतले बढ्न सक्ने प्रक्षेपण रहेको छ, जुन वृद्धिदर सन् २००६ देखि सन् २००८ सम्मका वृद्धिदरहरुको तुलनामा निकै कम देखिन्छ। यसबाट वित्तीय तथा आर्थिक संकटको प्रभाव स्पष्टरुपमा बोध गर्न सकिन्छ। साथै, विकसित अर्थतन्त्रहरु, नवोदित तथा विकासोन्मुख अर्थतन्त्रहरु, विकासोन्मुख एसिया, नव औद्योगिक एसियाली अर्थतन्त्रहरु तथा मध्यपूर्वका मुलुकहरु सबै समूहहरुमा आर्थिक वृद्धिदर सन् २००६ तथा सन् २००७ को तुलनामा सन् २००८ मा कम हुने र प्रक्षेपण अनुसार सन् २००९ मा विकसित अर्थतन्त्रहरु एवम् सो मध्ये नव औद्योगिक एसियाली अर्थतन्त्रहरुमा आर्थिक वृद्धिदर ऋणात्मक हुने तथा अन्य समूहहरुमा आर्थिक वृद्धिदर कम हुने निम्न तालिकाबाट स्पष्ट हुन्छ :

**तालिका १ (क) : विश्वको आर्थिक वृद्धिदर**

(वार्षिक प्रतिशत परिवर्तन)

| | २००६ | २००७ | २००८ | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | २००९ | २०१० |
| विश्वको उत्पादन | ५.१ | ५.२ | ३.२ | -१.३ | १.९ |
| विकसित अर्थतन्त्रहरु | ३.० | २.७ | ०.९ | -३.८ | ०.० |
| नवोदित तथा विकासोन्मुख अर्थतन्त्रहरु | ८.० | ८.३ | ६.१ | १.६ | ४.० |
| विकासोन्मुख एसिया | ९.८ | १०.६ | ७.७ | ४.८ | ६.१ |
| अफ्रिकी मुलुकहरु | ६.१ | ६.२ | ५.२ | २.० | ३.९ |
| मध्यपूर्वका मुलुकहरु | ५.७ | ६.३ | ५.९ | २.५ | ३.५ |
| नव औद्योगिक एसियाली अर्थतन्त्रहरु | ५.६ | ५.७ | १.५ | -५.६ | ०.८ |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य (World Economic Outlook), २००९

## उपभोक्ता मूल्य

१.२. विश्वको आर्थिक वृद्धिदरमा आएको कमी अनुरुप उपभोक्ता मूल्यमा आधारित मुद्रास्फीतिदरमा भने कमी आउने देखिदैन । सन् २००७ मा विकसित अर्थतन्त्रहरुको आर्थिक वृद्धिदर २.७ प्रतिशत रहेको अवस्थामा मुद्रास्फीतिदर २.२ प्रतिशत रहेको थियो भने सन् २००८ मा आर्थिक वृद्धिदर ०.९ प्रतिशत रहेको अवस्थामा मुद्रास्फीतिदर ३.४ प्रतिशत थियो । त्यस्तै, यो समूहमा पर्ने अर्थतन्त्रहरुको प्रक्षेपित आर्थिक वृद्धिदर ३.८ प्रतिशतले नकारात्मक हुँदा पनि मुद्रास्फीतिदर भने ०.२ प्रतिशतले मात्र नकारात्मक हुने देखिएको छ। त्यस्तै, नवोदित तथा विकसित देशहरुको आर्थिक वृद्धिदर तथा मुद्रास्फीतिदर बीचको प्रकृति पनि यस्तै देखिएको छ। निम्न तालिकाबाट मुद्रास्फीतिदरको यो प्रवृत्तिवारे स्पष्ट हुन्छ :

**तालिका १(ख): उपभोक्ता मूल्यमा आधारित मुद्रास्फीतिदर**

(वार्षिक प्रतिशत परिवर्तन)

| | २००६ | २००७ | २००८ | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | २००९ | २०१० |
| विकसित अर्थतन्त्रहरु | २.४ | २.२ | ३.४ | -०.२ | ०.३ |
| नवोदित तथा विकासोन्मुख अर्थतन्त्रहरु | ५.४ | ६.४ | ९.३ | ५.७ | ४.७ |
| विकासोन्मुख एसिया | ४.२ | ५.४ | ७.४ | २.८ | २.४ |
| अफ्रिकी मुलुकहरु | ६.३ | ६.३ | १०.१ | ९.० | ६.३ |
| मध्यपूर्वका मूलुकहरु | ६.८ | १०.५ | १५.६ | ११.० | ८.५ |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य, २००९

## कुल यथार्थ गार्हस्थ्य माग

१.३. विश्व अर्थव्यवस्थामा देखिएको वर्तमान वित्तीय तथा आर्थिक संकटबाट आर्थिक वृद्धिदर तथा मुद्रास्फीतिदरमा देखिने प्रभाव कुल यथार्थ गार्हस्थ्य मागमा प्रतिविम्वित हुने देखिन्छ । रोजगारीका अवसरहरु कम हुने भएकोले जनताको आयमा प्रतिकूल प्रभाव पर्न गई उपभोग तथा लगानी दुवै उद्देश्यको निम्ति आन्तरिक तथा बाह्य बस्तु तथा सेवाको माग कम हुन गई कुल मागमा कमी आउँछ र अर्थव्यवस्थाको गतिशीलता कुण्ठित हुन्छ । केही विकसित तथा नवऔद्योगिक एसियाली अर्थतन्त्रहरुमा कुल मागमा देखिएको प्रक्षेपित परिवर्तन निम्न तालिकाबाट स्पष्ट हुन्छ :

**तालिका १(ग): कुल आन्तरिक (गार्हस्थ्य) माग**

(वार्षिक प्रतिशत परिवर्तन)

| | २००६ | २००७ | २००८ | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | २००९ | २०१० |
| विकसित अर्थतन्त्रहरु | २.८ | २.३ | ०.४ | -३.३ | ०.० |
| संयूक्त राज्य अमेरिका | २.६ | १.४ | -०.३ | -३.३ | ०.२ |
| यूरो देशहरु | २.८ | २.४ | ०.९ | -२.९ | -०.६ |
| बेलायत | २.६ | ३.५ | ०.६ | -४.८ | -१.० |
| क्यानडा | ४.७ | ४.३ | २.४ | -३.२ | १.३ |
| नव-औद्योगिक एसियाली अर्थतन्त्रहरु | ४.२ | ४.५ | १.७ | -५.४ | ०.७ |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य, २००९

१.४ विकसित अर्थतन्त्रहरुको समग्र मागमा हुने कमीबाट आर्थिक क्रियाकलापहरुमा गतिशीलता कम हुने र रोजगारीमा कटौती हुने देखिन्छ। फलस्वरुप, विदेशी श्रमिकहरुको मागमा समेत कटौती हुने भएकोले विकासोन्मुख देशहरुबाट ती देशहरुमा कार्यरत श्रमिकहरुको मागमा कटौती हुनेछ। आय श्रोतको उल्लेख्य हिस्सा रहँदै आएको विप्रेषण आप्रवाह कम हुन गई समष्टिगत आर्थिक सन्तुलन समेत विग्रिन सक्ने सम्भावना ती देशहरुको निम्ति चिन्ताको विषय हुनेछ। साथै, उपभोग्य सामानको मागमा कटौती हुन सक्ने भएकोले विकासोन्मुख अर्थतन्त्रहरुबाट विकसित अर्थतन्त्रहरुमा हुने गरेको निर्यात निकै घट्न सक्नेछ। सन् २०१० मा समेत विकसित अर्थतन्त्रहरुको समग्र आन्तरिक मागमा कुनै सुधार नआउने र सो वर्षको मागको स्तर सन् २००६ को तुलनामा समेत कम रहने अन्तर्राष्ट्रिय मुद्रा कोषले प्रक्षेपण गरेको छ। वित्तीय तथा आर्थिक संकटबाट प्रभावित मुलुकहरुले तथा विश्व वैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास वैंक र अन्य अन्तर्राष्ट्रिय संस्थाहरुले तर्जुमा गर्ने कार्यक्रमको सफल कार्यान्वयन हुन सकेमा मागको कमजोर स्थितिमा केही सुधार आउन सक्ने देखिन्छ।

## तालिका १(घ): विश्व व्यापार

(वार्षिक प्रतिशत परिवर्तन)

**विश्व व्यापारको आयतन (संक्षेपमा)**

| | २००६ | २००७ | २००८ | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | २००९ | २०१० |
| विश्वको व्यापार आयतन (वस्तु र सेवा) | ९.२ | ७.२ | ३.३ | -११.० | ०.६ |
| <u>निर्यात</u> | | | | | |
| विकसित अर्थतन्त्रहरु | ८.५ | ६.१ | १.८ | -१३.५ | ०.५ |
| नवोदित तथा विकासोन्मुख अर्थतन्त्रहरु | १०.९ | ९.५ | ६.० | -६.४ | १.२ |
| <u>आयात</u> | | | | | |
| विकसित अर्थतन्त्रहरु | ७.६ | ४.७ | ०.४ | -१२.१ | ०.४ |
| नवोदिन तथा विकासोन्मुख अर्थतन्त्रहरु | १३.२ | १४.० | १०.९ | -८.८ | ०.६ |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य, २००९

१.५ विश्व अर्थव्यवस्थामा देखिएको वित्तीय तथा आर्थिक संकटको प्रभाव विश्व व्यापारमा स्पष्टरुपमा देखिएको छ। केही समयसम्म उकालो लाग्दै गरेको पेट्रोलियम पदार्थको मूल्यको कारण र विश्वका केही मुलुकहरुले विभिन्न कारणबस भोग्नु परेको खाद्यान्न तथा खाद्य पदार्थहरुको उल्लेख्य मूल्य वृद्धिबाट आक्रान्त भएको विश्व व्यापारको आयतन विद्यमान आर्थिक संकुचनबाट अझै बढी प्रभावित भएको तथ्य तालिका १(घ) बाट बोध गर्न सकिन्छ। सन् २००६ मा विकसित अर्थतन्त्रहरुको निर्यात ८.५ प्रतिशत र नवोदित तथा विकासोन्मुख अर्थतन्त्रहरुको निर्यात १०.९ प्रतिशतले वृद्धि भएकोमा सन् २००७ र सन् २००८ दुबै वर्षहरुमा यी दुई समूहहरुमा निर्यात वृद्धिदर घट्ने क्रम रह्यो। अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको प्रक्षेपणमा सन् २००९ मा विकसित अर्थतन्त्रहरुको निर्यात १३.५ प्रतिशत र नवोदित तथा विकासोन्मुख अर्थतन्त्रहरुको निर्यात ६.४ प्रतिशतले ह्रास हुने देखिएको छ। त्यस्तै, आयातको वृद्धि दरको प्रवृत्ति पनि सोही अनुरुप रहेको देखिन्छ। विकसित अर्थतन्त्रहरुको आयातको वृद्धिदरमा क्रमिकरुपमा कमी आई सन् २००८ मा ०.४ प्रतिशतले मात्र बढेकोमा नवोदित तथा विकासोन्मुख अर्थतन्त्रहरुमा भने सन् २००७ र सन् २००८ मा आयातमा उल्लेख्य वृद्धि भएको देखिन्छ। अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण अुनसार सन् २००९ मा यी अर्थतन्त्रहरुको आयातमा पनि उल्लेख्यरुपमा गिरावट हुने स्पष्ट देखिएको छ। दुवै समूहका अर्थतन्त्रहरुको आयात तथा निर्यात व्यापारमा सन् २०१० मा सुधार हुने प्रक्षेपण गरिएतापनि विश्वको व्यापार आयतनको स्तर सन् २००५ को हाराहारीमा मात्र पुग्न जाने देखिन्छ।

## छिमेकी अर्थतन्त्रहरुको आर्थिक वृद्धिदर

१.६ नेपालका छिमेकी देशहरु भारत तथा चीनको निम्ति आर्थिक वृद्धिदरका हिसावले सन् २००६ र २००७ निकै उत्साहजनक वर्षहरु रहेको देखिन्छ। ती दुई वर्षहरुमा क्रमशः ११.६ प्रतिशत र १३.० प्रतिशतको वृद्धिदर हासिल गर्न चीन सफल रह्यो भने भारतले पनि ९.८ प्रतिशत र ९.३ प्रतिशतको वृद्धि हासिल गर्न सकेको देखिन्छ। त्यस्तै, उल्लिखित दुई वर्षहरुमा हासिल हुन सकेको वृद्धिदर नेपाल बाहेक दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का अन्य मुलुकहरुमा पनि निकै उत्साहजनक रह्यो। त्यसपछिका वर्षहरुमा भने आर्थिक वृद्धिदर सबै मुलुकहरुको निम्ति सामान्य रह्यो।

**तालिका १ (ङ) : छिमेकी मुलुकहरुको आर्थिक वृद्धिदर**

(वार्षिक प्रतिशत परिवर्तन)

| | २००६ | २००७ | २००८ | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | २००९ | २०१० |
| *चीन* | ११.६ | १३.० | ९.० | ६.५ | ७.५ |
| *अफगानिस्तान* | ८.२ | १२.१ | ३.४ | ९.० | ७.० |
| *बंगलादेश* | ६.५ | ६.३ | ५.६ | ५.० | ५.४ |
| *भुटान* | ८.८ | १७.९ | ६.६ | ५.७ | ६.६ |
| *भारत* | ९.८ | ९.३ | ७.३ | ४.५ | ५.६ |
| *माल्दिब्स* | १८.० | ७.२ | ५.७ | -१.३ | २.९ |
| *पाकिस्तान* | ६.२ | ६.० | ६.० | २.५ | ३.५ |
| *श्रीलंका* | ७.७ | ६.८ | ६.० | २.२ | ३.६ |
| *नेपाल* | ३.७ | ३.२ | ४.७ | ३.६ | ३.३ |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य, २००९

## राष्ट्रिय आर्थिक गतिविधि

१.७ चालू वर्ष कुल गार्हस्थ्य उत्पादनको वृद्धि दर ७.० प्रतिशत हुने लक्ष्य निर्धारण गरिएकोमा उत्पादकको मूल्यमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ४.७ प्रतिशत हुने अनुमान छ। यसरी लक्ष्यको तुलनामा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर कम हुने देखिएको छ, जसमा आन्तरिक तथा वाह्य कारकहरुको प्रभाव रहेको छ। आन्तरिक कारण मध्ये समयमा हिउँदे वर्षा नभएकोले हिउँदेवालीको उत्पादन सन्तोषजनक रहेन। ऊर्जाको आपूर्ति कुण्ठित भएकाले गैर-कृषि क्षेत्र अन्तर्गत पर्ने औद्योगिक उत्पादनमा संकुचन आयो भने सेवा क्षेत्रको उत्पादन पनि खासै विस्तारित हुन सकेन। यसका साथै विभिन्न प्रकारका हडताल, चक्का जाम, श्रम विवाद जस्ता कारकहरुले गर्दा पनि समग्र आर्थिक क्रियाकलापहरुको विस्तारमा नकारात्मक प्रभाव पर्न गयो। गत आर्थिक वर्ष २०६४/६५ मा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ५.४ प्रतिशत रहेको थियो।

### कृषि क्षेत्र

१.८ यस क्षेत्रले समाहित गर्ने कृषि, वन तथा मत्स्यपालनको उत्पादन समग्रमा (आर्थिक वर्ष २०५७/५८ को मूल्यमा) २.२ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ। गत आर्थिक वर्षमा यस्तो वृद्धि ४.७ प्रतिशत थियो। कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान चालू वर्षमा ३२.८ प्रतिशत रहेको अनुमान छ। गत वर्ष यस्तो योगदान ३२.६ प्रतिशत थियो।

### गैर कृषि क्षेत्र

१.९ चालू आर्थिक वर्ष २०६५/६६ मा गैर-कृषि क्षेत्रको वृद्धिदर ४.८ प्रतिशत रहेको अनुमान छ। यो वृद्धिदर गत वर्षको ५.७ प्रतिशत वृद्धिदरको तुलनामा कम रहेको छ। गैर-कृषि क्षेत्रको वृद्धिदर कम हुनुमा ऊर्जा आपूर्तिमा देखिएको कमी मुख्य कारकको रुपमा देखिएको छ। ज्यादै न्यून र नकारात्मक वृद्धिदर हासिल गर्ने अर्को उप-क्षेत्र हो विद्युत, ग्याँस तथा पानी। चालू आर्थिक वर्षमा यो उप-क्षेत्रको वृद्धिदर १.१ प्रतिशतले ऋणात्मक हुने अनुमान छ। गत आर्थिक वर्षमा यो उपक्षेत्रको वृद्धिदर ३.७ प्रतिशत थियो। जर्मन सरकारको सहयोगमा निर्मित मध्यमर्स्याङ्गदी जलविद्युत आयोजनाको योगदानले गर्दा पनि गत वर्ष यस उपक्षेत्रको वृद्धिदर बढ्न सकेको थियो भने चालू वर्षमा कुलेखानी जलविद्युत आयोजनाको उत्पादनमा व्यवधान आउनु, सप्तकोशीमा बाढीको प्रकोप हुनु जस्ता कारणले गर्दा विद्युत शक्तिको आपूर्ति असहज बन्यो। फलस्वरुप, आर्थिक क्रियाकलापका विभिन्न क्षेत्रहरुमा समेत यसको नकारात्मक प्रभाव रहेको अनुमान छ।

### उत्पादन उद्योग

१.१० गैर कृषि क्षेत्र अन्तर्गत समाहित विभिन्न उपक्षेत्रहरु मध्ये उत्पादन उद्योगको प्रगति निकै कम रह्यो। यसको वृद्धि गत वर्षको तुलनामा ०.५ प्रतिशतले नकारात्मक रहेको अनुमान छ। तर गत वर्ष यो उपक्षेत्रको वृद्धिदर निकै न्यून भएतापनि सकारात्मक रहेको थियो।

### निर्माण क्षेत्र

१.११ यस उपक्षेत्रको ५.७ प्रतिशत वृद्धिदर अन्य उपक्षेत्रको वृद्धिदरसँग हेर्दा उल्लेख्य मान्न सकिन्छ। गत आर्थिक वर्षमा यस उप क्षेत्रको वृद्धिदर ३.१ प्रतिशत मात्र थियो। काठमाडौं उपत्यका तथा अन्य शहरी क्षेत्रहरुमा सार्वजनिक तथा निजी क्षेत्रबाट कार्यालय तथा वासस्थान निर्माण कार्य तीब्र गतिमा भएकोले समग्रमा निर्माण क्षेत्रको वृद्धि सन्तोषजनक भएको अनुमान छ।

### थोक तथा खुद्रा व्यापार

१.१२ यस उपक्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर पनि सन्तोषजनक भएको अनुमान छ। गत वर्ष ७.० प्रतिशतले वृद्धि भएको यो उपक्षेत्रको गार्हस्थ्य उत्पादन चालू आर्थिक वर्षमा ४.७ प्रतिशतले बढेको अनुमान छ। गत आर्थिक वर्षमा भन्दा चालू आर्थिक वर्ष

२०६५/६६ मा यस उपक्षेत्रको वृद्धिदर कम हुनुमा विक्री योग्य वस्तुहरुको मागमा केही कमी आएको हुन सक्ने पूर्व अनुमान छ ।

### होटल र रेष्टुरेन्ट

१.१३ यस उपक्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर चालू आर्थिक वर्षमा ५.१ प्रतिशत रहने अनुमान छ । गत वर्ष यो उपक्षेत्रले ८.५ प्रतिशतको वृद्धि हासिल गरेको थियो । चालू आर्थिक वर्षमा वृद्धिदर कम हुनुमा विश्वव्यापीरुपमा आएको वित्तीय संकट तथा सोको कारण विश्व आर्थिक वृद्धिमा आएको कमीको प्रभाव पनि रहेको अनुमान छ । आर्थिक विधाका विभिन्न पक्षमा देखिएको असन्तुलनको बढ्दो प्रभावबाट पर्यटक आवागमन र उनीहरुले गर्ने खर्चमा समेत कमी आएको हुनाले यो उपक्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर कम रहन गएको अनुमान छ ।

### यातायात सञ्चार तथा भण्डारण

१.१४ यस उपक्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर चालू आर्थिक वर्ष २०६५/६६ मा ७.९ प्रतिशत रहेको अनुमान छ। गत वर्ष पनि यस उपक्षेत्रले ७.१ प्रतिशतको वृद्धिदर हासिल गरेको थियो। खासगरी संचारतर्फ क्रमिकरुपमा हुँदै गएको विस्तारको फलस्वरुप यो उपक्षेत्रले सन्तोषजनक वृद्धि हासिल गर्न सकेको हो। वन्द तथा लोडसेडिङ्गको प्रभाव यस उपक्षेत्रमा पनि परेको छ, अन्यथा अनुमानित यो वृद्धिदर भन्दा यस क्षेत्रले बढी वृद्धिदर हासिल गर्न सक्ने थियो ।

### वित्तीय मध्यस्थता

१.१५ चालू आर्थिक वर्षमा यस उपक्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर ३.३ प्रतिशत मात्र रहने अनुमान छ । गत वर्ष यस उपक्षेत्रले १३.८ प्रतिशत वृद्धिदर हासिल गर्न सकेको थियो । आर्थिक क्रियाकलापका विभिन्न क्षेत्रहरुले भोग्नुपरेको ऊर्जा सङ्कट तथा गैर आर्थिक कारणका अन्य व्यवधानले गर्दा वित्तीय मध्यस्थताको गतिमा पनि केही कमी देखिएको हो ।

### रियलस्टेट, भाडा तथा व्यावसायिक सेवाहरु

१.१६ यस उपक्षेत्रको गार्हस्थ्य उत्पादन चालू आर्थिक वर्षमा ४.५ प्रतिशतले वृद्धि भएको अनुमान छ। गत वर्ष पनि उपक्षेत्रले ४.४ प्रतिशतको वृद्धिदर हासिल गरेको थियो। लगानीका अन्य क्षेत्रहरु फष्टाउन नसकेको तर निर्माण क्षेत्रमा केही विस्तार भएको हुनाले रियलस्टेट तथा व्यावसायिक सेवाहरुमा सकारात्मक प्रभाव परेको अनुमान छ ।

### सार्वजनिक प्रशासन र रक्षा

१.१७ सार्वजनिक प्रशासन र रक्षामा गरिएको सरकारको बजेट तथा खर्चको आधारमा तयार गरिएको अनुमान अनुसार यस उपक्षेत्रले ३.३ प्रतिशतको वृद्धिदर हासिल गर्ने अनुमान छ । गत आर्थिक वर्षमा यस उपक्षेत्रको ०.४ प्रतिशतको वृद्धिदर रहेको थियो ।

## शिक्षा

१.१८ सामाजिक पूर्वाधार विकास तथा जनशक्तिको गुणात्मक वृद्धिको लक्ष्य लिएर सरकारले गरेको शिक्षातर्फको खर्चको विस्तार तथा निजी क्षेत्रले यस उपक्षेत्रको विस्तारमा पुऱ्याएको योगदानको फलस्वरुप चालू आर्थिक वर्ष २०६५/६६ मा यस उपक्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर ९.९ प्रतिशत हुने अनुमान छ। गत आर्थिक वर्षमा यस उपक्षेत्रले ३.३ प्रतिशतको वृद्धि हासिल गरेको थियो।

## स्वास्थ्य र सामाजिक कार्य

१.१९ यस उपक्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर आर्थिक वर्ष २०६५/६६ मा ६.५ प्रतिशत रह्यो। गत आर्थिक वर्षमा यस्तो वृद्धि १३.६ प्रतिशत थियो। जनतालाई स्वास्थ्य सेवा उपलव्ध गराउँदै जाने सरकारी प्रतिवद्धता तथा निजी क्षेत्रको यसतर्फको सहभागिताले गर्दा चालू आर्थिक वर्षमा उक्त वृद्धिदर हासिल हुन सकेको हो। गत वर्षको तुलनामा भने यस उपक्षेत्रको वृद्धिदरमा निकै कमी आएको छ।

## अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरु

१.२० यस उपक्षेत्रको गार्हस्थ्य उत्पादन ६.१ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष यो उपक्षेत्रले ११.१ प्रतिशतले वृद्धि गरेको थियो। यस उपक्षेत्र भित्र सरकारले प्रदान गर्ने सामुदायिक सेवा तथा अन्य सामाजिक र व्यावसायिक सेवाहरु पर्दछन्।

## क्षेत्रगत विवरण

१.२१ प्राथमिक क्षेत्र भित्र कृषि, बन तथा मत्स्यपालन पर्दछन्। प्राथमिक क्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर चालू आर्थिक वर्ष २०६५/६६ मा २.२ प्रतिशत रहेको अनुमान छ। गत वर्ष यो क्षेत्रको वृद्धि ४.७ प्रतिशत थियो। द्वितीय क्षेत्र भित्र औद्योगिक उत्पादन, विद्युत, ग्यास तथा पानी र निर्माण पर्दछन्। यस क्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर चालू आर्थिक वर्षमा पनि गत आर्थिक वर्ष जस्तै १.८ प्रतिशत रहेको अनुमान छ। त्यसैगरी, तृतीय क्षेत्र अन्तर्गत सेवा क्षेत्रहरु पर्दछन्। चालू आर्थिक वर्षमा तृतीय क्षेत्रको वृद्धि ५.९ प्रतिशत हुने अनुमान छ। गत आर्थिक वर्षमा यो क्षेत्रले ७.० प्रतिशतको वृद्धि गरेको थियो।

## कुल गार्हस्थ्य उत्पादनको संरचना

१.२२ उत्पादकको मूल्यमा कुल गार्हस्थ्य उत्पादनको **ISIC** वर्गीकरण अनुसारको संरचनामा कृषि क्षेत्रको हिस्सा ३२.८ प्रतिशत रहेको र गैर कृषि क्षेत्रको हिस्सा ६७.२ प्रतिशत रहेको अनुमान छ। समग्रमा हेर्दा गत आर्थिक वर्षमा पनि कृषि क्षेत्रको हिस्सा ३२.६ र र गैर कृषि क्षेत्रको हिस्सा ६७.४ रहेको हुँदा दुई वर्ष बीच समग्र संरचनामा खास भिन्नता नरहेको देखिन्छ। गैर कृषि क्षेत्र भित्र पर्ने उत्पादन उद्योग उपक्षेत्रको संरचनामा केही प्रतिशत बिन्दुले फरक देखिएको छ। गत वर्ष ७.२ प्रतिशत हिस्सा ओगटेको यो उपक्षेत्रको हिस्सा चालू आर्थिक वर्षमा कम भई ६.८ प्रतिशत रहेको अनुमान छ। विद्युत, ग्यास तथा पानीको कुल गार्हस्थ्य उत्पादनमा हिस्सा गत आर्थिक

वर्षमा २.० प्रतिशत रहेको थियो भने चालू आर्थिक वर्षमा १.७ प्रतिशत रहेको अनुमान छ। त्यस्तै, निर्माणको अनुपात गत आर्थिक वर्ष ६.५ प्रतिशत भएकोमा चालू आर्थिक वर्ष ६.४ प्रतिशत रहेको अनुमान छ। कुल गार्हस्थ्य उत्पादनमा चालू वर्षको क्षेत्रगत योगदान निम्न चार्टबाट स्पष्ट हुन्छ :

चार्ट १(क) : कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान




## उपभोग

१.२३ आर्थिक वर्ष २०६५/६६ मा स्थिर मूल्यमा कुल उपभोग रु. ५ खर्व ३१ अर्व ७२ करोड पुगेको छ। यो रकम गत वर्षको भन्दा ६.० प्रतिशतले बढी छ। साथै, यो रकम कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ९०.७ प्रतिशत हुन आउँदछ। आर्थिक वर्ष २०६४/६५ मा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल उपभोग ८९.६ प्रतिशत थियो। कुल उपभोग मध्ये सरकारी उपभोग आर्थिक वर्ष २०६५/६६ मा १०.९ प्रतिशत हुने अनुमान छ भने गत वर्ष यो अनुपात १०.५ प्रतिशत थियो। सरकारी र निजी क्षेत्र वीच विद्यमान उपभोगको स्वरुप हेर्दा आर्थिक वर्ष २०६५/६६ मा निजी क्षेत्रको कुल उपभोगमा खाद्य उपभोगको अंश ६०.१ प्रतिशत, गैर खाद्यको २७.९ प्रतिशत र सेवाको १२.० प्रतिशत रहेको अनुमान छ। आर्थिक वर्ष २०६४/६५ मा निजी क्षेत्रको कुल उपभोगमा खाद्य पदार्थ, गैर खाद्य पदार्थ र सेवाको अंश क्रमशः ५९.८ प्रतिशत, २७.८ प्रतिशत र १२.४ प्रतिशत थियो। दुई वर्ष वीच निजी क्षेत्रको उपभोगको स्वरुपमा खासै परिवर्तन नभएको र कुल उपभोगमा खाद्यको नै अत्याधिक वाहुल्यता रहेको यसबाट पुष्टि हुन्छ। उपभोगको गतिशीलतमा (Consumption Dynamics) हेर्दा आर्थिक वर्ष २०६५/६६ मा कुल उपभोग ६.० प्रतिशतले बढेकोमा निजी क्षेत्रको उपभोग ५.७ प्रतिशतले र सरकारी उपभोग १०.१ प्रतिशतले बढेको अनुमान छ। आर्थिक वर्ष २०६४/६५ मा निजी तथा सरकारी उपभोग क्रमशः ३.३ प्रतिशत र ३.६ प्रतिशतले बढेको थियो।

**बचत**

१.२४ आर्थिक वर्ष २०६५/६६ मा स्थिर मूल्यमा कुल गार्हस्थ्य वचत ६.९ प्रतिशतले ह्रास भएको अनुमान छ। आर्थिक वर्ष २०६४/६५ मा यस्तो वचत २६.९ प्रतिशतले बढेको थियो। उपभोग बढी गतिमा वृद्धि भएको तर बचतको वृद्धि नकारात्मक भएकोले गत आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ११.२ प्रतिशत रहेको वचत आर्थिक वर्ष २०६५/६६ मा ८.० प्रतिशतमा सीमित रहेको अनुमान छ।

**पुँजी निर्माण**

१.२५ आर्थिक वर्ष २०६५/६६ मा स्थिर मूल्यमा कुल पुँजी निर्माण रु. १ खर्व ५० अर्व ४२ करोड भएको अनुमान छ। कुल गार्हस्थ्य उत्पादनको अनुपातमा यो २५.७ प्रतिशत हुन आउँदछ। गत वर्षको तुलनामा कुल पुँजी निर्माणको वृद्धिदर ०.४ प्रतिशत रहेको अनुमान छ। गत वर्ष २१.८ प्रतिशतले वृद्धि भएको कुल पुँजी निर्माण कुल गार्हस्थ्य उत्पादनको अनुपातमा २६.७ प्रतिशत रहेको थियो। कुल पुँजी निर्माणमा स्थिर पुँजी निर्माणको अंश आर्थिक वर्ष २०६५/६६ मा ७७.३ प्रतिशत र मौज्दात परिवर्तन २२.७ प्रतिशत रहेको देखिन्छ। यस्तो अंश आर्थिक वर्ष २०६४/६५ मा क्रमश: ७३.३ प्रतिशत र २६.७ प्रतिशत थियो। कुल स्थिर पुँजी निर्माण मध्ये आर्थिक वर्ष २०६५/६६ मा सरकारको अंश १९.५ प्रतिशत र निजी क्षेत्रको अंश ८०.५ प्रतिशत रहेको अनुमान छ। आर्थिक वर्ष २०६४/६५ मा स्थिर पुँजी निर्माणमा सरकारको अंश १४.८ प्रतिशत र निजी क्षेत्रको अंश ८५.२ प्रतिशत थियो। यसरी आर्थिक वर्ष २०६५/६६ मा स्थिर पुँजी निर्माणमा सरकारी क्षेत्रको सहभागितामा बढोत्तरी र सोही अनुसार निजी क्षेत्रको सहभागितामा कमी भएको स्पष्ट देखिन्छ।

**वस्तु तथा सेवाको खुद निर्यात**

१.२६ आर्थिक वर्ष २०६५/६६ मा स्थिर मूल्यमा वस्तु तथा सेवाको आयात रु. २ खर्व १ अर्व २३ करोड भएको अनुमान छ भने निर्यात रु. १ खर्व ५ अर्व ३२ करोड भएको अनुमान छ। फलस्वरुप चालू वर्षमा रु. ९५ अर्व ९१ करोडको व्यापार घाटा रहेको देखिन्छ। यो व्यापार घाटा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा १६.४ प्रतिशत हुन आउँदछ। गत आर्थिक वर्षमा यस्तो घाटा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा १६.३ प्रतिशत थियो। चालू आर्थिक वर्षमा स्थिर मूल्यमा वस्तु तथा सेवा आयातको ५२.३ प्रतिशत अंश वस्तु तथा सेवाको निर्यातले थेग्न सक्ने देखिएको छ। गत आर्थिक वर्ष यस्तो क्षमता ४५.५ प्रतिशत थियो। सेवा क्षेत्रबाट प्राप्त आय आर्थिक वर्ष २०६५/६६ मा ६४.९ प्रतिशतले बढ्न सकेको हुँदा र यस क्षेत्रतर्फको खर्च ५.१ प्रतिशतले मात्र वृद्धि भएकोले यो स्थिति देखिएको हो। गतवर्षको सेवा निर्यातबाट प्राप्त आय ७.४ प्रतिशतले र सेवा आयात वापतको खर्च २३.६ प्रतिशतले वृद्धि भएको हुँदा चालू वर्ष स्थितिमा तुलनात्मक रुपमा सुधार आएको स्पष्ट छ।